तिलोत्तमा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

का.वै.सं. १४/०७५/०७६ (५०) मिति : २०७५/०८/२७ गते विहिवार, समय : ७:३० बजे ।

प्रस्तावनाहरु :

१. योजना कार्यान्वयन सम्बन्धमा ।

२. विविध ।

- जग्गाधनी प्रमाणपत्र नभएका जग्गामा संचालन गरिने व्यवसायका सम्बन्धमा ।
- राजस्व संकलन अभियान सम्बन्धमा ।
- विद्यालय पूर्वाधार कार्यक्रम सम्बन्धमा ।
- तिलोत्तमा नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।
- सेवा करारका कर्मचारीको म्याद थप सम्बन्धमा ।
- एकिकृत शहरी विकास गुरुयोजना सम्बन्धमा ।
- वाणिज्य बैंकको काउन्टर स्थापना सम्बन्धमा ।
- अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।
- हरियाली प्रवर्धन तथा नगर सरसफाई सम्बन्धमा ।
- तिलोत्तमा PABSON को ध्यानाकर्षण पत्र सम्बन्धमा ।
- मुस्लिम समुदायको दाह संस्कार केन्द्र सम्बन्धमा ।

निर्णयहरु :

१. योजना कार्यान्वयन सम्बन्धमा ।

- ५ नं. प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको आधारभूत शहरी सेवा अन्तर्गत तिलोत्तमा चक्रपथ निर्माण आयोजना (विनियोजित रकम रु. तीन करोड) का सम्बन्धमा का.वै.स.-१३ (२०७५/०७६) ४९ मा भएको निर्णय अनुसार आयोजना सुरु हुने स्थान तोक्ने जिम्मेवारी नगर प्रमुख र उपप्रमुखलाई प्रदान गर्ने निर्णय गरियो ।
- नगर विकास योजना २०७५/०७६ अर्न्तगतको शि.नं. १०३०(१३) क्षेत्रीय चिडियाखाना पूर्वाधार निर्माण (नगरस्तरीय) शीर्षकमा विनियोजित रु. २० (बीस) लाख र शंकरनगर वनविहार तथा अनुसन्धान केन्द्रको पूर्वाधार शि.नं. ४०१०, ८ (नगरस्तरीय) शीर्षकमा

विनियोजित रु. १० लाख समेत (जम्मा रु. ३० (तीस) लाख) **शंकरनगर वनवाटिको गेटबाट पूर्व वी.पि. पार्कसम्म सडक स्तरोन्नती तथा टायल पार्केटिङ्ग** आयोजनामा शीर्षकमा खर्च गर्ने निर्णय गरियो ।

- नगर विकास योजना शि.नं. ४०१० (७) ***"करहिया शंकरनगर सामुदायिक वन तारवार"*** ( नगरस्तरीय) शीर्षकमा विनियोजित रु. २५ लाख रकममध्ये रु.२० (बीस) लाख ***करहिया सामुदायिक वन तारवार*** र रु. ५(पाँच) लाख ***शंकरनगर सामुदायिक वन तारवार*** शिर्षकमा खर्च गर्ने निर्णय गरियो ।
- नगर विकास योजना अर्न्तगतको सि.नं. ३०१० सडक मर्मत शीर्षक अन्तर्गत सि.नं. (२४) पुरानो सडक वडा नं. ४ मर्मत कार्यक्रमको लागि बजेट विनियोजन भएकोमा उक्त सडकमा ५ नं. प्रदेश सरकारको भौतिक पूर्वाधार विकास मन्त्रालयको आधारभूत शहरी सेवा अन्तर्गत रकम विनियोजन भई निमार्ण कार्य सुरु हुने क्रममा रहेको हुँदा उक्त शीर्षकमा विनियोजित रु. १० लाख रकमलाई वडा नं. ४ स्थित खयरघारी पथको लागि रकमान्तर गर्ने र आगामी नगर सभामा अनुमोदनको लागि पेश गर्ने निर्णय गरियो ।
- नगर विकास योजना २०७५/०७६ अर्न्तगतको शि.नं. (३०१०), सडक स्तरोन्नती तथा मर्मत अन्तर्गत निकासी सडक मर्मत तथा सम्भार शीर्षककमा विनियोजित रु. ४०,०००००।- मध्ये रु.२०,०००००।- (बीस लाख) पश्चिम पहुनी निकासी सडक कालोपत्रे योजनाका लागि विनियोजित गर्ने र उक्त रकम प्रचलित ऐन तथा कार्यविधि अनुसार खर्च गर्ने प्रवन्ध मिलाउने ।

२. विविध

**क) जग्गाधनी प्रमाणपत्र नभएका जग्गामा संचालन गरिने व्यवसायका सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका भित्र जग्गा धनी प्रमाणपत्र नभएका जग्गामा संचालनमा रहेका व्यवसाय संचालनहरुलाई तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन २०७५ मा भएको व्यवस्था वमोजिमको कर तथा शुल्क लिई व्यवसाय संचालनको अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**ख) राजस्व संकलन अभियान सम्बन्धमा ।**

- २०७५ पौष १ गते देखि २०७६ असार मसान्त सम्मको अवधिलाई कर सहभागिता अवधि घोषणा गर्ने र उक्त अवधिभर कर सहभागिताका लागि विभिन्न प्रवर्धनात्मक कार्यक्रम संचालन गर्नुका अतिरिक्त आर्थिक वर्ष २०७५/०७६ को आर्थिक ऐनले निर्धारण गरेको

राजस्वको लक्ष्य प्राप्तिका लागि सम्बन्धित वडा अध्यक्षले कार्य योजना सहित कर संकलन अभियान प्रारम्भ गर्ने निर्णय गरियो ।

**ग) विद्यालय पूर्वाधार कार्यक्रम सम्बन्धमा ।**

- आ.व. २०७५/०७६ को वार्षिक योजनामा विद्यालय पूर्वाधार शीर्षक कार्यक्रम अर्न्तगत एकमुष्ठ रुपमा विनियोजित रकम रु. १ करोड शिक्षा, युवा तथा खेलकुद शाखा र योजना उपशाखाबाट संयुक्त रुपमा तयार गरी पेश भए बमोजिम देहायअनुसारका विद्यालयहरुमा वाडँफाड गर्ने निर्णय गरियो ।

**आ.व. २०७५/०७६ मा विद्यालयहरुको पूर्वाधारमा विनियोजित रकम :**

| क्र.सं. | विद्यालयहरुको नाम | वडा नं. | पूर्वाधार मर्मत |
|---|---|---|---|
| १ | श्री शंकरनगर दुर्गदत्त मा.वि. | वडा नं.२ | ४६०००० |
| २ | श्री जन जागृती मा.वि. | वडा नं.२ | ४६०००० |
| ३ | श्री हाम्रो सगरमाथा आधारभुत विद्यालय | वडा नं.३ | ५००८०० |
| ४ | जनज्योती मा.वि. डिङ्गरनगर | वडा नं.४ | ७०००००.०० |
| ५ | श्री गिर्वाण सरस्वती साधारण तथा सस्कृत विद्यालय | वडा नं.५ | ६००००० |
| ६ | श्री शान्ति नमुना मा.वि. | वडा नं.५ | ५००००० |
| ७ | श्री सत्य लक्ष्मी आधारभुत विद्यालय | वडा नं.६ | ३९०००० |
| ८ | श्री मेदिनी आधारभुत विद्यालय | वडा नं.६ | ३५०ं०ं० |
| ९ | श्री सेमरा बजार मा.वि | वडा नं.७ | ९७००० |
| १० | श्री प्रभात आधारभुत विद्यालय | वडा नं.७ | ३००००० |
| ११ | श्री जनभावना मा.वि. | वडा नं.८ | १०००००० |
| १२ | श्री गौतमबुद्ध आदर्श शिशु सदन | वडा नं.९ | ३६१५०० |
| १३ | श्री जनहित मा.वि. | वडा नं.१० | ७१०५४८ |
| १४ | श्री जनता मा.वि., मोहनाजोत | वढा नं.१२ | ८७७०८४ |
| १५ | श्री जनता मा.वि., तिनधुरा | वढा नं.१३ | ६०००० |
| १६ | श्री टिकुलीगढ मा.वि. | वढा नं.१४ | २५०००० |
| १७ | श्री सरस्वती नि.मा.वि., रेहरा | वडा नं.१४ | २५०००० |
| १८ | श्री दुर्गा संस्कृत वेदवेदाङ्ग विद्यापिठ | वडा नं.१४ | २५०००० |
| १९ | श्री वोहियो आधारभूत विद्यालय | वडा नं.१६ | ३१८००० |
| २० | श्री वालकल्याण नि.मा.वि. | वडा नं.१७ | २८०००० |
| २१ | श्री वरवलिया मा.वि. | वडा नं.१७ | ५२५००० |
| २२ | राममणी क्याम्पस | वडा नं. ६ | ५००००० |
| २३ | न्यूलाईट सार्वजनिक शैक्षिकगुठी | वडा नं.१ | २७५००० |
| २४ | गणेश आधारभूत विद्यालय | वडा नं. ११ | ३००००० |
| | **जम्मा** | | ९९९९९३२/०० |

**घ) तिलोत्तमा नगरपालिकाको सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ संशोधन सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिकाको आर्थिक कार्यविधि ऐन २०७५ परिमार्जन गर्ने सम्बन्धी आवश्यक गृहकार्य गरी आगामी बैठकमा सम्पत्ति कर व्यवस्थापन कार्यविधि २०७५ परिमार्जन प्रस्ताव तयार पारी राजस्व शाखा (इन्द्रदत्त सापकोटा) ले पेश गर्ने गरी जिम्मेवारी प्रदान गर्ने गरी निर्णय गरियो ।

**ङ) सेवा करारका कर्मचारीको म्याद थप सम्बन्धमा ।**

- यस कार्यालयमा कार्यरत करार सेवातर्फका कर्मचारीहरुलाई कार्यपालिकाको निर्णयानुसार कार्यालयले २०७५ मंसिर मसान्तको लागि संझौता नविकरण गरेकोमा २०७५ पौष १ गते उक्त कर्मचारीहरुको सेवा करारको म्याद समाप्त भएकोले कर्मचारी समायोजन पश्चात उक्तपदमा स्थायी कर्मचारी पदपूर्ति भएमा प्रचलित कानून बमोजिम हुने गरी देहाय बमोजिमका कर्मचारीहरुको खाइपाइ आएको सेवा सुविधामा नघट्ने गरी २०७६ असार मसान्त सम्म म्याद थप गर्ने निर्णय गरियो ।

| क.स | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | गिरी राज डुम्रे | इ.अ.छैठौ | |
| २ | सुदीप ढकाल | सू.प्र.अधिकृत | एल.जि.सि.डि.पि.प्रावधान अनुसार |
| ३ | अल्पा घिमिरे | ब.सा.प. | स्थानीय विकास कोषको प्रावधाम अनुसार |
| ४ | विष्णु प्रसाद अर्याल | सहायक पाँचौ | स्वकीय सचिव |
| ५ | विनोद तिवारी | सब.इ. | |
| ६ | सपना पौडेल | सब.इ. | |
| ७ | पारेश्वर आचार्य | सब.ओ.सी. | |
| ८ | इश्वर भण्डारी | अमीन | |
| ९ | भगवती तिवारी | स.क.अ | |
| १० | एन्जिला पौडेल | स.क.अ. | |
| ११ | सुरेश पाण्डे | हेभी स.चालक | |
| १२ | परशुराम अर्याल | ह.स.चालक | |
| १३ | राजु शर्मा | ह.स.चालक | |
| १४ | हरिशंकर नाउँ | ह.स.चालक | |
| १५ | हेमराज लामिछाने | नगर प्रहरी | |
| १६ | डिल्लीराज पौडेल शर्मा | नगर प्रहरी | |

| | | | |
|---|---|---|---|
| १७ | बुद्धिराम चौधरी | नगर प्रहरी | |
| १८ | ओम प्रकाश कुँवर | का.स. | |
| १९ | कमला न्यौपाने | का.स. | |
| २० | देवी ज्ञवाली | का.स. | |
| २१ | जय बहादुर खडका | का.स. | |
| २२ | हरिराम कुवर खडका | का.स. | |
| २३ | हेमलाल आर्चाय | का.स. | |
| २४ | मेनका तिवारी | का.स. | |
| २५ | चन्दा थापा | का.स. | |
| २६ | मञ्जु पन्थी | का.स. | |
| २७ | रुपा भुजेल | का.स. | |
| २८ | पवित्रा भुर्तेल | का.स. | |
| २९ | लक्ष्मी खासु | का.स. | |
| ३० | राधिका पाण्डेय | का.स. | |
| ३१ | निर्मला थारु | का.स. | |
| ३२ | सीता पाठक | का.स. | |
| ३३ | रमा भट्टराई | का.स. | |
| ३४ | अमृता थापा | का.स. | |

- यस कार्यालयमा कार्यरत नगर प्रहरीहरु उमानाथ पाण्डे र भोजराज वस्यालको काम सन्तोषजनक नदेखिएको, निजहरुको कार्यसम्पादनका सम्बन्धमा पटक-पटक कार्यालयमा गुनासाहरु प्राप्त भएको साथै निजहरुको करारको म्याद समेत २०७५ मंसिर मसान्तमा समाप्त हुने हुँदा उक्त मिति पश्चात निजहरुको म्याद थप नगर्ने निर्णय गरियो ।

**च) एकिकृत शहरी विकास गुरुयोजना (IUDP) सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका नगरकार्यपालिकाको २०७५/०८/०५ को बैंठकबाट यस नगरपालिकाको एकिकृत शहरी विकास गुरुयोजना (IUDP) लाई राष्ट्रिय भू-उपयोग नीति; संघीय, प्रदेश र स्थानीय सरकारको विकास नीति र नगरपालिकाको दीर्घकालिन महत्वका योजनाहरुसँग समेट्न थप परिमार्जन गरी तयार पार्ने निर्णय भएको हुँदा उक्त गुरुयोजना परिमार्जनको लागि आ.व. ०७५/७६ को नगर विकास योजना, कन्टेन्जेन्सी वाडँफाड तर्फको

बुँदा नं. ८ मा उल्लिखित समान प्रकृतिको शीर्षक (***"नगर गुरु योजना तयारी"*** शीर्षक) बाट खर्च गर्ने निर्णय गरियो ।

**छ) वाणिज्य बैंकको काउन्टर स्थापना सम्बन्धमा ।**

- यस नगरपालिकाको संचित कोषको खाता रहेको NIC एसिया बैंकको Extention काउन्टर यस नगरपालिकाको राजस्व शाखा अगाडि (च्यानल गेट नजिक) खोल्न अनुमति प्रदान गर्ने र यस नगरपालिकाको आफ्नै भवनमा कार्यालय स्थानान्तरण भए पछि कार्यालय परिसरको उपयुक्त स्थानमा Extention काउन्टर निर्माण गर्न अनुमति प्रदान गर्ने निर्णय गरियो ।

**ज) अध्ययन अवलोकन भ्रमण सम्बन्धमा ।**

- वालिङ्ग नगरपालिकाले अपनाएको फोहोरमैला व्यवस्थापन प्रणालीको अध्ययन/ अवलोकन गर्नको लागि वडा नं. २ का अध्यक्ष श्री दधिराम गौतमको नेतृत्वमा स्वव्यवस्थापन गर्ने वडालाई समेट्ने गरी ४५ जनाको टोलीको अवलोकन भ्रमण स्वीकृत गर्ने र उक्त टोलीको यातायात खर्च, (बस रिजर्भ) खाना र खाजा खर्च (१ पटक) नगरपालिकाले व्यहोर्ने गरी स्वीकृत गरियो ।

**झ) हरियाली प्रवर्धन तथा नगर सरसफाई सम्बन्धमा ।**

- २०७४ साल असोज महिनादेखि पाक्षिक (प्रत्येक महिनाको १ र १५ गते) रुपमा संचालन भई रहेको हरियाली प्रवर्धन र नगर सरसफाई अभियान चक्रिय प्रणालीको अवधारणा अनुसार वडा नं. १ बाट सुरु गरी क्रमश : सवै वडामा संचालन गर्ने निर्णय गरियो ।

**ञ) तिलोत्तमा PABSON को ध्यानाकर्षण पत्र सम्बन्धमा ।**

- नगर प्रमुख श्री बासुदेव घिमिरेलाई सम्बोधन गरी प्याव्सन, तिलोत्तमाका अध्यक्ष डी.वी. थापा र सचिव लक्ष्मण अर्यालद्धारा पेश गरिएको ध्यानाकर्षण पत्रका वारेमा अवगत भयो ।

**ट) मुस्लिम समुदायको दाह संस्कार केन्द्र सम्बन्धमा ।**

- तिलोत्तमा नगरपालिका वडा नं. १० को उपयुक्त ठाँउमा वडा कार्यालयको समन्वयमा मुस्लिम समुदायको दाह संस्कार (कब्रस्थान) को लागि न्यूनतम जग्गा उपलब्ध गराउन सिफारिस गर्ने निर्णय गरियो ।